

# बेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

# आ.व. २०८३/०८४ का लागि आन्तरिक आय सङ्कलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

(दोस्रो पटक प्रकाशित मिति : २०८३।०४।०५)

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ का लागि नेपालको संविधान, २०७२ को अनुसूची–८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमको ठेक्का सिलबन्दी दरभाउपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले देहायका सर्तहरूको अधीनमा रही यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ।

देहायः

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | दरभाउपत्रको शीर्षक | वार्षिक न्यूनतम अङ्क (मू.अ. कर बाहेक) रु. |
|---|---|---|---|
| १. | ०३–२०८३/०८४ | कवाडी सामानको बिक्री निकासी शुल्क | १,००,०००।०० |
| २. | ०५–२०८३/०८४ | पुरन्दह, गलफडिया र आम्वासी, बानढाँडा साप्ताहिक हाटबजार कर सङ्कलन | ६६,३७२।०० |
| ३. | ०७–२०८३/०८४ | सिटीहल भाडा सङ्कलन | ६०,०००।०० |
| ४. | ०८–२०८३/०८४ | खसी बोका सङ्कलन केन्द्र | ६०,०००।०० |

सर्तहरूः

१. सिलबन्दी दरभाउपत्र फाराम मिति २०८३ साउन १२ गते (कार्यालय समयमा) रु. १,०००/– शुल्क (फिर्ता नहुने) बुझाएको नगदी रसिद वा Belaka Na.Pa. Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ इच्छुक फर्म/कम्पनीको आधिकारिक प्रतिनिधिले फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न राखी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. खरिद भएका दरभाउपत्र फाराम मिति २०८३ साउन १३ गते मध्याह्न १२:०० बजेभित्र पेश गरिसक्नुपर्नेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्रको प्रत्येक पानामा सहीछाप सहित यस कार्यालयको नाममा सम्बोधन गरी दरभाउपत्र नम्बर, दरभाउपत्रको शीर्षक, दरभाउपत्र दाताको फर्मको नाम, आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ। रीतपूर्वक पेश/दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू २०८३ साउन १३ गते अपराह्न १:०० बजे खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा प्रस्ताव पेश गर्न सकिनेछ र सोही समयमा खोलिनेछ।

३. सिलबन्दी फाराममा उल्लिखित कबुल अङ्कको ५% (मू.अ. कर सहित) जमानत रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड, बेलका शाखामा रहेको धरौटी खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ। (बैंक जमानतको म्याद सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनको हुनुपर्नेछ)।

४. थप जानकारीका लागि नगरपालिकाको website **www.belakamun.gov.np** वा मो.नं. ९८६२९३४२४४/ ९८६२१६३८०९ मा सम्पर्क गर्न सकिनेछ।

# वेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प.सं. २०८३/०८४
च.नं.

कोशी प्रदेश, नेपाल

**आ.व. २०८३/०८४ को लागि आन्तरिक आय संकलन सम्वन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना !**
**(दोस्रो पटक प्रकाशत मितिः २०८३।०४।०५)**

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को लागि नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय बमोजिमको ठेक्का सिलबन्दी दरभाउपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले देहायका शर्तहरूको अधिनमा रहि यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | दरभाउपत्रको शीर्षक | वार्षिक न्यूनतम अङ्क .रू (कर बाहेक.अ.मू) |
|---|---|---|---|
| १. | ०३-२०८३/०८४ | कवाडी सामानको विक्री निकासी शुल्क | १०००००.०० |
| २. | ०५-२०८३/०८४ | पुरन्दह, बानडाँडा, आम्वासी र गलफडीया बजार सासाहिक हाट कर संकलन | ६६३७२.०० |
| ३. | ०७-२०८३/०८४ | सिटीहल भाडा संकलन | ६००००.०० |
| ४. | ०८-२०८३/०८४ | खसी बोका संकलन केन्द्र | ६००००.०० |

**शर्तहरूः**

१. सिलबन्दी फारम मिति २०८३ जेष्ठ १२ गते (कार्यालय समयमा) रु. १०००/- शूल्क (फिर्ता नहुने) बुझाएको नगदी रसिद वा Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ ईच्छुक फर्म/कम्पनीको आधिकारीक प्रतिनिधिले फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/२०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. खरिद भएका सिलबन्दी दरभाउपत्र फारम मिति २०८३ जेष्ठ १३ गते मध्यान्ह १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रको प्रत्येक पानामा सही छाप सहित यस कार्यालयको नाममा सम्बोधन गरी दरभाउपत्र नम्बर, सिलबन्दी दरभाउपत्रको शिर्षक, दरभाउ पत्रदाताको फर्मको नाम, आधिकारीक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी पेश गर्नु पर्नेछ । रितपूर्वक पेश/दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु २०८३ जेष्ठ १३ गते दिनको ठिक १:०० बजे खोलिनेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सोही समयमा प्रस्ताव पेश गर्न सकिनेछ र सोही समयमा खोलिनछ ।

३. सिलबन्दी फारममा उल्लेखित कबुल अंकको ५% (मू.अ.कर सहित) जमानत रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड, वेलका शाखामा रहेको धरौटी खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ । (बैंक जमानाको म्याद सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनको हुनुपर्नेछ)

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

४. सिलबन्दी फारम भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. दरभाउपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित दरभाउपत्र दाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउपत्र आह्वान गर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्रदाताले आफूले कबुल गरेको एकमुष्ठ रकम बुझाउन चाहेमा कबुल रकमको (मू.अ. कर बाहेक) १० प्रतिशत रकम छुट दिईनेछ । यदि एकमुष्ठ रकम नबुझाएमा कबुल गरेको कूल रकम (मू.अ. कर समेत जोडी) दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफूले कबुल गरेको अंकको ६० प्रतिशत रकम सम्झौता गर्ने समयमा र बाँकी ४० प्रतिशत रकम अन्तिम किस्ता (मिति २०८४ बैशाख मसान्तभित्र) बुझाउनु पर्नेछ ।

७. सम्झौता गर्दा पहिलो किस्ता वापतको ६० प्रतिशत बुझाई बाँकी ४० प्रतिशत रकमको २०८४ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपूर्जी दिईनेछ ।

८. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति स्विकार्य हुने छैन । कुनै किसिमको विवादको स्थिति सृजना भएमा प्रचलित ऐन, कानून र नियमको परिधिभित्र रहि यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

९. ठेक्काको अवधि सम्झौता भएको मिति देखि लागु भइ २०८४ असार मसान्तसम्म रहनेछ । ठेकेदारले कर संकलन गर्दा बेलका नगरपालिकाको स्वीकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम संकलन गर्नुपर्नेछ । सम्झौता पश्चात ठेक्केदारले लिने शुल्कको विवरण सहितको सूचना पाटी उक्त स्थालमा अनिवार्य रूपमा राख्नुपर्ने छ ।

१०. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ, साथै यस सूचनामा उल्लेख भएका शर्तहरूमा सोही बमोजिम र उल्लेख नभएका शर्तहरूको हकमा प्रचलित ऐन, कानून र नियम बमोजिम हुनेछ ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत